# प्रेस विज्ञप्ति

पत्रकार मित्रहरु

हामी खाद्यका लागि कृषि अभियान र आवद्ध संस्थाहरु विश्व सामाजिक मञ्च २०२४ मा निम्न कार्यक्रमहरु लिएर सहभागी छौ ।




**Why Agriculture for Food Matters for Nepal?**

**Time:** 11:30 am- 1:00 pm (16 Feb 2024)

**Venue:** Nepal Law Campus (NLC-BLC C-FG-R (4)




**Forum on 'Food Justice: Quest for Addressing the Planetary Heath and Global Food Crisis'**

**Time:** 11:30 am- 1:00 pm (17 Feb 2024)

**Venue:** Kanchanjanga, Bhrikutimandap




**Drama: Hiu Ko Pritibhi Yatra**

4:00 pm- 5:30 pm (17 Feb 2024)

Venue: Bhrikutimandap

**Drama: Sattapatta:**

4:00 pm- 5:30 pm (18 Feb 2024)

Venue: Bhrikutimandap




**Excursion visit:**

Time: 9:30-1:00 pm (18 Feb 2024)


साथै उक्त सामाजिक मञ्चमा उठाउनु पर्ने खाना तथा खेतीपातीका सवालहरुसँग जोडिएका सामाजिक र वातावरणीय साथै समग्र कृषि प्रणालीको बारेमा हाम्रा धारणाहरु यसै पत्र साथ संलग्न छ ।

खाद्यका लागि कृषि अभियान र आवद्ध संस्थाहरु

सचिवालय: फरेष्टएक्सन नेपाल

# आन्दोलनमा ऐक्यबद्धता

**विश्व सामाजिक मञ्च २०२४**
**काठमाण्डौ, नेपाल**



**दाजुभाइ र दिदीबहिनीहरू,**

यहाँहरु सबैलाई यस मञ्च र हिमालको काखमा रहेको देशमा स्वागत छ !

हाम्रो जीवन असुरक्षा र त्रासले उकुसमुकुस भएको छ । यस्तो किन भइरहेको छ ? धेरैलाइ थाहा छैन, थाहा पाउने र केही गर्न सक्नेहरु विभिन्न स्वार्थमा विभाजित छन्, केही थाहा पाउनेहरु उदास र व्यग्र छन् । मानिस केन्द्रित उत्ताउलो व्यवहारले बितेका कैयौ दशकदेखि सम्पूर्ण प्रकृतिको लय खलबलिदै आएको छ । बितेका केही दशकमा यो क्रम तिव्र गतिमा बढिरहेको छ । श्रम बिनाको मुनाफा, त्यसका लागि हुने प्रकृति र श्रमिकको दोहन र यस्तो दोहन गर्न भइरहेको विश्वव्यापि प्रतिस्पर्धाले जन्माएको संस्थागत हिंसाले समाज आक्रान्त छ । यसको प्रतिरोध विल्कुलै नभएको होइन । यस्तो प्रतिरोध औपनिवेशिक कालदेखि विश्वस्तरमा र स-साना समूहहरु र व्यक्तिगत स्तरमा सबैतिर र सधैं भइरहेको छन् ।

युद्ध र प्रकृतिको विध्वंसले हाम्रा प्रयत्नहरु झीना सावित गरिदिन्छन् तर पनि सबैखाले विभेद, अन्याय, उत्पीडन भन्दा पर **अर्को विश्व सम्भव** छ भन्दै शुरु गरिएको सामाजिक आन्दोलनको यो मञ्च हामी हतास छैनौं र बढ्दो कोलाहलका बिच पनि हाम्रो आस मरेको छैन भन्ने कुराको एउटा बलियो प्रमाण हो ।

उपनिवेशी औद्योगिक विकासको ढाँचाले यस पृथ्वीका सबै खाले विविधता तहसनहस गरिरहेको छ । सबै खाले श्रोतमाथि मुठ्ठीभरको एकाधिकारले सबै तहमा विभेद र थिचोमिचो बढाईरहेको छ । विश्वभरका सीमान्तकृत श्रमजीवी समुदायहरु रातोदिन जीवन मरणको कठिन सघर्ष गर्न बाध्य छन् ।

मानिस आफैले विकास गरेको प्रविधिको उन्नति र भइरहेको भूमण्डलीकरणसँगै यस्तो उत्ताउलो विकास विषवृक्षको रुप लिएर सबैतिर झाँगिदै गएको छ । यसको जरामा पानी हाल्न सबैखाले भुईफुट्टा ठगहरु लामबद्ध छन् । अपवाद बाहेक, बजार, राज्य र नागरिक समाजको अगुवा दस्ता पनि यिनैका पछि गोलचक्कर लगाईरहेको छ । फलस्वरुप सिमान्तीकृत वर्ग, लिङ्ग, समुदाय र भूगोल आन्तरिक तथा बाह्य उपनिवेशी थिचोमिचोबाट आक्रान्त छौं ।

स्थानीय विशेषताको खेतीपाती प्रणाली उन्नत बनाउने भन्दा भिन्न आधुनिक हुन भन्दै प्रोत्साहन गरिएको खनिज उर्जामा आधारित भौतिक विकास, प्रकृतिको अति दोहन, कृत्रिम रसायन र विषादीमा आधारित एकल र सफा खेती प्रणालीले हरित ग्यास उत्सर्जन, तापक्रम वृद्धिका साथै पानी चक्रमा अनिश्चितता बढाएको छ । हावा, सास फेर्न अयोग्य छ । पानी, पिउन । माटो निरन्तर मर्ने क्रममा छ । हावा, पानी, माटो र वातावरणको परस्परको अन्तरसम्बन्धमा सदियौंदेखि परिष्कृत हुँदै आएको खेति प्रणाली जलवायु परिवर्तनका कारण उत्पन्न जोखिमहरुको चपेटामा परेको छ । यसको व्यापक असर र प्रभावसँगै अहिले हाम्रो जलचक्रका साथै जिवनचक्र समेत खल्बलिँदै गएको छ ।

खासगरी, स्थानीय विशेषताको रैथाने खेती प्रणाली समथर मैदानी खेती प्रणालीले विस्थापित गरेको छ । परम्परागत रैथाने ज्ञान, सिप र प्रविधि प्रकृतिसम्मत एवं विवेक परिष्कृत हुनुको साटो सधैंका लागि मेटिने खतरा बढेको छ । हिमालयको जलाधारमा रहेका हामी नेपाली सम्भवत: तटीय देशहरु बाहेक अरु क्षेत्रहरु भन्दा धेरै सामाजिक, सांस्कृतिक र वातावरणीय जटिलताबाट गुज्रिरहेका छौं ।

परिस्थिति सम्हाल्न ढिला हुनु अघि नै भविष्यको खेतीपाती र खानाका बारेमा गम्भीरतापूर्वक सोच्न पर्ने भएको छ । साझा प्राकृतिक स्रोतहरुको समानुपातिक वितरण, प्राकृतिक खेती प्रणालीको अवलम्बन, स्थानीयतामा आधारित तुलनात्मक लाभका खेती प्रणालीको विकाससँगै खानाका लागि खेतीपातीका सवालहरु फर्केर हेर्न र सच्याउन सबै तहमा पहल होस् भन्न चाहन्छौं । समग्रमा अब यसरी हुँदैन भन्न नसके यो थिचोमिचो अझै बढ्ने छ ।

समय घर्किदैछ तर अझै पनि हामीले चाहेमा गर्न सक्छौं । हामी एकताबद्ध भएर विद्यमान वैश्विक प्रणाली फेर्न दबाव दिन आवाज ठुलो बनाउन सक्छौं । गच्छे अनुसार आफैं यसको अभ्यास गर्न सक्छौं । स्थानीय अनुभव साटफेर गरेर एक अर्काबाट सिक्न सक्छौं ।

आउनुहोस्, यि कुरा आत्मसात गर्ने व्यक्ति, समुदाय र राज्यहरु ऐक्यबद्धता बढाउँदै हातेमालो गरौं । हाम्रा विवेकपूर्ण साझा प्रयासले मात्र हाम्रो भविष्य सुरक्षित हुन्छ । यो मात्र हाम्रो आफ्नै र हाम्रा सन्ततिका लागि जिवन्त पृथ्वि बचाउने अन्तिम उपाय हो ।

**ऐक्यबद्धता सहित**


**खाद्यकालागि कृषि अभियान र सम्बद्ध सबै**

**मितिः फागुन २ २०८०**

**खाद्यका लागि कृषि अभियान** महिला, साना र भूमिहीन किसानका खाद्य, भूमि, कृषि र जलवायु जनित जोखिम जस्ता सवालहरूमा कार्यमूलक अनुसन्धान, नीतिगत बहस र जनवकालतमा हातेमालो गर्ने उद्देश्य लिएका उत्पादक किसान संगठनहरु, सामाजिक संघ-संस्था र नागरिक समाजको साझा प्रयत्न हो । यो अभियान कृषिलाई केन्द्रमा राखी नेपालको समग्र विकास र दिगो कृषिको लागि समर्पित छ । हाल यसको सचिवालय फरेष्ट एक्सन नेपालमा रहेको छ ।

# In Solidarity

**World Social Forum 2024**
**Kathmandu Nepal**




**Dear brothers and Sisters,**

A warm welcome to you all to this forum and a Himalayan country Nepal

Lives for the majority of us are riddled with insecurity and fear. Why is this happening, many of us do not know? While those who possess the power of understanding to make a meaningful impact are divided into diverse interest groups, some others are hopeless or depressed.

The rhythm of nature has been disrupted for the past several decades due to violent behavior of human-centered activities. Alarmingly, in recent decades, this trend has been rapidly increasing. Profit without labor, the exploitation of nature, labor and the competition to exploit society are forms of institutional violence. It is not that there is no resistance to it. Such resistance has been happening globally since the colonial period, both in small groups and at the individual level.

War and destruction of nature proved that our efforts are wasted, but this platform of social movement started by the belief that another world is possible without discrimination, injustice and oppression, and there are strong evidences that we are not desperate and our hope is not dead even amidst the growing crises.

The colonial industrial development is destroying all kinds of diversity on this earth. The monopoly of a few over all kinds of resources is increasing discrimination and oppression at all levels. Marginalized working-class communities worldwide are forced to fight hard for life and death.

With the advancement of modern technology developed by humans and the ongoing globalization, development is overwhelmingly having adverse effects, just like a poisonous tree. The exploiters are all desperate to pour water on its roots and nourish it. With some exceptions, market, state and civil society leaders are also running circles behind them. Consequently, marginalized classes, genders, communities and geographies are suffering from internal and external colonial oppression.

Instead of improving the farming system of local characteristics, the physical development based on fossil fuel extraction, over-exploitation of nature, monoculture and farming systems based on artificial chemicals and pesticides, encouraged to be modern. These have increased greenhouse gas emissions; temperature rise and uncertainty not only in the water cycle, also the live cycles. The air is unbreathable. Water is not drinkable. The soil is constantly dying. The integrated agricultural system, which has been improving for centuries due to the interrelationship of air, water, soil and environment, is now facing risks caused by climate change. Instead of traditional knowledge, skills and techniques being natural and sophisticated, there is now a danger of them being lost forever. With its widespread impact and influence, not only our water cycle, the live cycles is now getting disrupted.


In particular, the *Raithane* - an agriculture system of local characteristics, has been replaced by the Plain agriculture system. We Nepalese living in the watershed of the Himalayas are facing more social, cultural and environmental complications than any other region.

Before it is too late to handle the situation, it is necessary to seriously think about the future of agriculture and food. There should be a proportional distribution of common natural resources, adoption of the natural farming system and the development of agricultural systems of comparative advantage based on the local characteristics. There should be an initiative to reflect on the agriculture system and amend it at all levels.

Overall, if we can't say 'NO' this oppression and exploitation of nature will increase even more, and unceasingly. Time is running out, but if we are committed, we can unite and raise our voices to create pressure to change the existing global system, learn from each other by sharing local experiences and practice by ourselves. All Individuals, communities and states who espouse these values, let's come together, join hands in solidarity. Our future will be secured only by our prudent joint efforts. This is the only way forward to save the living planet for ourselves and future generations.

**In Solidarity**
**Alliance of Agriculture for Food and all affiliates**
**Date: 14.02.2024**

Alliance of Agriculture for Food (AAF) is a collective campaign involving Producer Farmers, I/NGOs and Civil Society Groups working on the issue of food, land, agriculture and climate change. The campaign aims to amplify the voices of smallholders, women and landless farmers, and is committed to promoting sustainable agriculture through an integrated system of social development. Currently, ForestAction Nepal is AAF's secretariat.





यदि नदीले बोल्थ्यो भने के भन्थ्यो होला? रिसमा कसरी गर्जन्थ्यो नदी ? खुशीमा कसरी हाँस्थ्यो होला ? उसको आफ्नो बाटोमा कुनै अवरोध पाएन भने स्वतन्त्र भएर कसरी आफ्नो खुशीको वर्णन गर्छ होला र कसरी सीमामा बाँधिएको बेला यसले आफ्नो पीडा देखाउँछ होला । हिउँका चुचुराहरूको बासस्थानबाट महासागरको विशाल विस्तारसम्मको यात्रामा, यसले धेरै प्राणीहरूको जीवन बुन्दै बग्छ । आउनुहोस्, पृथ्वीमा हिउँसँग यात्रा गर्नुहोस्, र त्यही हिउँबाट बगेका नदीहरूले आफैंले भनेको कथाहरूमा पौडिनु होस् ।

---

मिति: २०८०।११।०५, शनिवार • समय: बेलुका ४ देखि ५ बजे • सम्म स्थान: भृकुटीमण्डप, काठमाडौं

**खाद्यका लागि कृषि अभियानसँगको सहकार्यमा शिल्पी थिएटरको प्रस्तुति**




रसायनिक वर्षापछि चरा र माहुरीले खेत छोडेका छन् । ट्याक्टरले जोतिएपछि लाखौं भुसिलकिराहरु निर्जीव छन् । ठूला आकारका तरकारीहरूले नाफाको रूखलाई सिंचन गरी रहेका छन्। हामी हाम्रो माटोलाई रोगी बनाएर के साट्दै छौं ? के हामीले आफ्नो स्वास्थ्यलाई हाम्रो लोभसँग साटेका छौं ? कतै हामी प्रकृतीसँग तालमेल मिलाएर बस्नै नसक्ने अवस्थामा त पुगेका छैनौं ? या, मिलेर बस्ने कुनै उपाय पनि छ ? आउनुहोस्, एक किसान परिवार र उनीहरुको संसार कसरी परिवर्तन भइरहेको छ हेरौँ ।

---

मितिः २०८०।११।०६, आइतवार • समयः बेलुका ४ देखि ५ बजे • सम्म स्थानः भृकुटीमण्डप, काठमाडौं